

# अध्याय -७

## सृष्टिकर्ताको आराधना

**यस अध्यायका मूल पदहरू: प्रकाश १:९, यशैया ४०:२६, २ कोरन्थी ५:१७, कलस्सी १:१७, प्रकाश ४:११ र यूहन्ना १९:१६-३०।**



**यस अध्यायको मूल सार पदः "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।" प्रकाश ४:११।**

कतिपय कुराहरू स्वभाविकै हो भनेर हामीले मान्दछौं। हामीले थाहा पाएको र अनुभव गरेकाहरू अपेक्षा नै गरेको अनुसार हुन आएको भनेर हामी स्वीकार्दछौं। छोराछोरीहरूले थोरै समयसम्ममात्र आफ्ना बाबु र आमाहरूलाई स्वभाविकैरूपमा ग्रहण गर्छन्। घाम, आकाश, हावा, पानी र जमिन पनि स्वभाविकैरूपमा प्राकृतिक सम्पदा हुन् भनेर हामीले लिन धेरै सजिलो छ।

हाम्रो अस्तित्व पनि स्वभाविकै हो कसरी हो भनेर एक छिन रोकेर के हामीले सोचेका छौं? अर्थात् केही नहुनुपर्ने ठाउँमा केही कसरी भयो र किन भयो भन्ने कुरालाई के हामीले सोच्न भ्याएको छ त?

यो विश्वब्रम्हाण्ड जुन महान्, शानदार र अचम्मको छ त्यसको अस्तित्व किन भयो? यदि हाम्रो विश्वब्रम्हाण्ड नै छैन भने त्यसको लागि के तर्क गर्न सकिन्छ? हाम्रो विश्वब्रम्हाण्डको अस्तित्व एक फेर थिएन भनेर अन्तिम वैज्ञानिक तर्कले प्रस्तुत गरेको छ। हुन न विज्ञानको तर्क फेरिरहन्छ। अर्थात् तिनीहरूको तर्क अनुसार हाम्रो अस्तित्व आकस्मिक हो र हाम्रो अस्तित्व नै आश्चर्यजनक छ।

यस विश्वब्रम्हाण्ड अचानक केही नभएको थोकबाट उदय भएको हो, खरबौं वर्ष लगाएर विकसित भएको हो वा अनेकौं मिथ वा सभ्यताका धार्मिक, साहित्य र दार्शनिक तर्कहरूको बाबजुद पनि हाम्रो विश्वब्रम्हाण्डको अस्तित्व किनभयो भन्दा सनातन, सृष्टिकर्ता परमेश्वरले यो र यसमा भएको सबै थोक सृष्टि गर्नुभएको थियो भनेर बाइबलले बताउँछ।

## १. दुःखकष्टमा साथी

येशू स्वर्गमा उक्लिनुभएपछि (प्रेरित १:९), येशू आफ्ना चेलाहरूमा अन्तिम बाँचिरहेका युहन्नाकहाँ भेट्न आउनुभएको थियो। यूहन्नालाई ग्रीकको समुद्रको टापुमा निर्दयी र पत्थर हृदयभएको रोमी सम्राट्को हुकुम अनुसार निर्वासनमा पठाइएको थियो। त्यस टापुमा पत्थरहरूको बीचमा एक्लै फ्याँकिएको थियो वा आइसोलेशनमा थिए।

**यस संसारमा येशूको भक्त हुन रोज्नेको निम्ति के सन्देश वा तितो सत्य देहायका पदहरूमा दिएका छन्? हेर्नुहोस्, "म यूहन्ना, तिमीहरूका दाजु, तिमीहरूका साथसाथै येशूमा भएका कष्ट, राज्य र सहनशीलतामा सहभागी छु। परमेश्वरको वचन र येशू ख्रीष्टको गवाहीको खातिर म पत्मोस भन्ने टापूमा थिएँ।" प्रकाश १:९; "१८ "बीउ छर्नेको दृष्टान्त सुन। १९ जब कसैले राज्यको वचन सुन्छ, र सो बुझ्दैन, तब दुष्ट आउँछ र त्यसको हृदयमा जे छरिएको थियो सो खोसेर लैजान्छ। बाटोतिर छरिएको बीउचाहिँ त्यही हो। २० ढुङ्गेनी जमिनमा छरिएको चाहिँ त्यो हो, जसले वचन सुन्ने बित्तिकै खुशीसाथ झट्टै त्यो स्वीकार गर्दछ। २१ तर त्यसको आफ्नै जरा नभएकोले त्यो थोरै बेर मात्र टिक्छ, र वचनको कारणले कष्ट कि सतावट परिआउने बित्तिकै त्यो पछि हट्छ।" मत्ती १३:१८-२१; "५ भोलिपल्ट यिनीहरूका शासकहरू, धर्म-गुरुहरू र शास्त्रीहरू यरूशलेममा भेला भएका थिए। ६ प्रधान पूजाहारी हन्नास, कैयाफा, यूहन्ना, अलेक्जेन्डर र प्रधान पूजाहारीका परिवारका जम्मै त्यहाँ थिए।**

७ तिनीहरूले पत्रुस र यूहन्नालाई बीचमा खड़ा गराएर सोधे, “कुन शक्तिबाट अथवा कसको नाउँमा तिमीहरूले यो गरेका हौ?”

८ तब पवित्र आत्माले भरिपूर्ण भएर पत्रुसले तिनीहरूलाई भने, “मानिसहरूका शासक र धर्म-गुरु हो, ९ आज हामीले एक जना लङ्गड़ो मानिसप्रति एउटा असल काम गरेको विषयमा त्यो कुन उपायले निको पारियो भनेर प्रश्न गर्नुहुन्छ भने, १० तपाईंहरू सबैलाई र इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईंहरूले क्रूसमा टाँग्नुभएको र परमेश्वरले मृतकबाट जीवित पार्नुभएका, उनै नासरतका येशू ख्रीष्टको नाउँमा यो मानिस तपाईंहरूका सामुन्ने निको भएर उभिएको छ। ११ ’यो त्यही ढुङ्गो हो, जो तपाईं, निर्माताहरूले इन्कार गर्नुभएको थियो, सो अहिले कुनाको शिर-ढुङ्गो हुन आएको छ।१२ अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।” १३ जब तिनीहरूले पत्रुस र यूहन्नाको साहस देखे, र यिनीहरू अशिक्षित र साधारण मानिसहरू रहेछन् भनी थाहा पाए, तब तिनीहरू छक्क परे, र यिनीहरू येशूको साथमा रहन्थे भन्ने तिनीहरूले थाहा पाए। १४ तर निको भएको मानिसलाई यिनीहरूसँग उभिरहेको देखेर तिनीहरूले केही बोल्न सकेनन्। १५ यसैले यिनीहरूलाई महासभाबाट बाहिर जाने आज्ञा दिएर तिनीहरूले यसो भनी आपसमा मतो गरे, १६ “यी मानिसहरूलाई अब हामीले के गर्ने हो? किनभने साँच्ची नै यिनीहरूबाट एउटा अचम्मको काम भएको छ भन्ने यरूशलेमका बासिन्दा जम्मैलाई प्रकट भइसकेको छ, र हामी यो इन्कार गर्न सक्दैनौं। १७ तर यो कुरो जनतामा नफैलिओस् भनी ’फेरि यस नाउँमा कुनै मानिससँग तिमीहरू केही नबोल्नू÷ भनी हामीले यिनीहरूलाई चेताउनी दिनुपर्छ।” १८ अनि यिनीहरूलाई बोलाएर “अब उप्रान्त येशूको नाउँमा नबोल्नू र कुनै शिक्षा नदिनू” भनी तिनीहरूले आज्ञा दिए। १९ तर पत्रुस र यूहन्नाले तिनीहरूलाई उत्तर दिए, “परमेश्वरको कुरा सुन्नुभन्दा तपाईंहरूको कुरा सुन्नु परमेश्वरको दृष्टिमा ठीक हो कि होइन तपाईं आफै विचार गर्नुहोस्। २० किनकि हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैसक्दैनौं।” २१ तिनीहरूले सजाय दिने केही उपाय नभएर यिनीहरूलाई अझ बढ़ी धम्काएर छोडिदिए, किनभने जे घटना घटेको थियो त्यसको निम्ति सबै मानिसहरूले परमेश्वरको प्रशंसा गरिरहेका थिए। २२ किनकि जुन मानिस आश्चर्य कामद्वारा निको पारिएको थियो, त्यसको उमेर चालीस वर्षभन्दा बढ़ी थियो।" प्रेरित ४:५-२२; "मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई

**शान्ति होस्। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।" यूहन्ना १६:३३।**

येशूका भक्त भएकोले यूहन्ना आफ्नो परिवार, साथीहरू र इसाई समुदायबाट अलग भएर टापुमा एकान्तबास हुनुपरेको थियो। उनले धेरै दुःख र कष्टहरू भोग्नुपरेको थियो। उनको हत्या गर्न धेरै प्रयास गरिएको थियो। तर उनको सेवाकार्य अझै सिद्धिएको थिएन। प्रभुको निम्ति गवाही दिने काम अझै बाँकि थियो। चहकिलो र आँखा नै तिर्मिराउने खालको चमकसाथ एकान्तबास भएको यूहन्नाकहाँ भेट्न आएका थिए। उनले परमेश्वरको सिंहासनबाट सिधै सन्देश ल्याएका थिए। येशूबाट आएको त्यो सन्देश इतिहासका पानाहरूमा शताव्दीयौं सम्म गुञ्जिरहने थियो। प्रत्येक पुस्ताको निम्ति आशाको सन्देश थियो, तर विशेष गरेर येशूको आगमनभन्दा पहिले तयार भइरहन परमेश्वरका जनहरूलाई त्यो सन्देश दिइएको थियो। यो चेतावनीको गम्भिर सन्देश थियो साथै अन्तिम समयमा रहिरहने हाम्रो निम्ति उत्साहको सन्देश थियो। युगको अन्तको समयमा आउने दुःखकष्ट (शायद तपाईंहरूमा कतिपयले सामना नै गरिरहनुभएको होला), त्यसको सामना गर्ने सन्देश येशूले यूहन्नामार्फत हामीलाई दिइएकोछ।

स्वर्गदूतले यूहन्नालाई भेट्न आएको गुफा अहिले पनि पाटमोस टापुमा छ। त्यस भेटमा स्वर्गदूतले अनेकौं भविष्यवाणीका दर्शनहरू थिएका थिए। त्यस गुफा पस्ने ढोकामा धातुको पातामा पूरै प्रकाशको पुस्तकको यो सारांश खोपिएको छः "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" प्रकाश १४:७।

प्रकाशको पुस्तकको मूख्य विषयवस्तु नै परमेश्वरको आराधना गर्नु हो। हामी मानिस भएकोले स्वभाविकैरूपमा परमेश्वरको आराधना गर्नुपर्ने गरेर सृजिएका हौं। प्रत्येक मानिसले कुनै न कुनै बस्तु वा व्यक्तिको पूजा गर्दछ। तर सत्य आराधना सनातन सृष्टिकर्ता परमेश्वरको आराधना गर्नु हो। यस आराधनामा हाम्रो जीवनको सही लक्ष्यलाई हामीले भेट्टाउन सकिन्छ। यसले हामी बाँच्नुको कारण दिन्छ। सत्य आराधनाले कुनै कुराको निम्ति मर्नमात्र तयार हुने होइन तर उल्लेखनीयरूपमा बाँच्नको पनि आधार दिन्छ। त्यो बाँच्न चाहने हाम्रो लक्ष्यको निम्ति जुनसुकै संघर्ष गर्न पनि तयार पारिदिन्छ। यो परमेश्वरको आराधनाको खुबी हो। जब अन्तिम सङ्कटले हामीलाई वरिपरि

घेर्छ तब यो वचन हामीले राम्रोसँग बुझ्नु जरुरी छ, "चेलाहरूका आत्मालाई सुदृढ़ गराउँदै उनीहरूलाई विश्वासमा रहिरहने अर्ती दिए, र धेरै कष्ट सहेर हामी परमेश्वरको राज्यमा प्रवेश गर्नुपर्छ भनी उनीहरूलाई भने।"प्रेरित १४:२२।

**येशूका प्रिय चेला, उहाँको परमभक्त सेवक यूहन्नाले त अनेकौं दुःख, कष्ट र सतावट सहनुपर्‍यो भने हामी पनि त्यो परिस्थिति भोग्नुपर्दैन भनेर के ढुक्क हुन सक्छौं र? हेर्नहोस्, "१२ प्रिय हो, तिमीहरूलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरूमाथि आइपर्दा केही अनौठो कुरा भएजस्तै तिमीहरू छक्क नपर। १३ तर ख्रीष्टका कष्ट-भोगमा सहभागी हुँदा रमाओ, ताकि उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि आनन्दित र हर्षित हुन सक। १४ यदि ख्रीष्टको नाउँमा तिमीहरू निन्दित भयौ भने तिमीहरू धन्यका हौ। किनभने महिमाका र परमेश्वरका आत्मा तिमीहरूमाथि रहनुहुन्छ। १५ तर तिमीहरूमध्ये कसैले पनि हत्यारा, वा चोर, वा खराबी गर्ने, वा अर्काको कुरामा हात हाल्नेले झैं दुःख नभोग। १६ तर कसैले ख्रीष्टियान भएको कारण दुःख भोग्दछ भनेता उसले लाज नमानोस, तर त्यही नाउँमा उसले परमेश्वरलाई महिमा देओस्।" १ पत्रुस ४:१२-१६।**

## २. सनातन सृष्टिकर्ताको आराधना गर

**प्रकाश १४:७ पढ्नुहोस्। पहिलो स्वर्गदूतको सन्देश के भनेर टुँगिएको थियो? इन्साफको घडीको अन्तिम आह्वान के छ? हेर्नहोस्, "तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् वा प्रणाम गर।" प्रकाश १४:७। यही सन्दर्भमा देहायका पदहरू पनि पढ्नुहोस्, "२५ "तिमीहरू मलाई कोसित तुलना गर्नेछौ? अथवा को मसमान छ?" परमपवित्र भन्नुहुन्छ। २६ तिमीहरूका आँखा माथि उठाएर आकाशलाई हेर, यी सबै कसले बनाएका हुन्? उहाँले नै होइन र, जसले पुञ्जलाई एक-एक गरी ल्याउनुहुन्छ र प्रत्येकलाई नाउँ काढ़ी बोलाउनुहुन्छ। उहाँको ठूलो शक्ति र शक्तिशाली सामर्थ्यको कारण तिनीहरूमध्ये एउटै पनि हराउँदैन।"यशैया ४०:२५-२६; "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै**

**थोक पनि उहाँविना बनिएन।" यूहन्ना १:१-३ र "उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन।" रोमी १:२०।**

सृष्टिकर्ता परमेश्वरको प्रणाम गर, दण्डवत गर, आराधना गर, पूजा गर भन्ने ठूलो विगुको स्वरले कराउँदै प्रकाश १४:७ अन्त्य गर्छ। यो आह्वान विशेष गरेर अहिलेको निम्ति समसामयीक र महत्त्वपूर्ण छ। कतिपय वैज्ञानिक र इसाई जगतले नै विकाशवाद वा शुक्ष्म जीवबाट मानिस विकाश भयो भन्ने चार्लस डार्विन र कथित वैज्ञानिकहरूको अनुमानित तर्कलाई स्वीकारेको परिप्रेक्ष्यमा सृष्टिकर्तालाई प्रणाम गर भन्ने सन्देश अत्यन्तै महत्त्वपूर्ण छ। यस विकाशवाद सिद्धान्तले बाइबलका सबै सत्य र सच्चा इसाई भावनाको हृदयमा नै कुच्याइ दिन्छ। यदि विकाशवाद सिद्धान्त सत्य हो भने हाम्रो आस्था वा विश्वास झुटो ठहरिन आवश्यक हुन्छ। त्यसले गर्दा सृष्टिकर्ताको आराधना गर्ने विषय अत्यन्तै निर्णायक विषय हो।

प्रकाशको पुस्तकको अन्तिम आह्वान बाइबलको पहिलो पुस्तक, उत्पत्तिमानै आधारित छ। यदि सृष्टिको महत्त्वलाई हामीले बुझ्न सकेनौं भने आराधनामा आधारित विश्वब्रम्हाण्डमा भइरहेको भिषण युद्ध हामीले कहिल्यै पनि पूरा बुझ्न सक्दैनौं। "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो।" उत्पत्ति १:१। सबै धर्मशास्त्रको जग नै यो पद हो। "आदिमा वा सुरुमा परमेश्वरले सृष्टि गर्नुभयो।" हिब्रू भाषामा "सृष्टि" भन्ने शब्द बारा (bara) हो र यो केवल परमेश्वर आफैले गर्नुहुने क्रियालापलाई बुझाउँछ।

परमेश्वरको अपार र असिमित शक्तिको बारेमा सानो चर्चा गर्नुपर्दा उहाँको सृष्टसको सूर्यलाई हेरौं। सूर्यले एक सेकेन्डमा यतिको उर्जा उत्पादन गर्न सक्छ किन कुनै पनि मानिसले तेल, ग्यास र आगोबाट उत्पादन गर्न सक्दैन। यो इतिहासको सुरुदेखिकै कुरो हो।

सूर्य कमसेकम ८६५००० फराकिलो छ। यसमा हाम्रो पृथ्वी जत्रो दस लाख ग्रहहरू अताउन सक्छ। तर हाम्रो मिल्किवे वा दुग्धसागर ग्यालेक्सी अर्थात् आकाशगङ्गाको केवल एउटामात्र तारा हो, जहाँ खरबौं खरब ताराहरू छन्। ती ताराहरूमध्ये एक पिस्टोल तारा छ। यसले सूर्यले भन्दा एक करोड बढि उर्जा निकाल्दछ। यस पिस्टोल ताराको परिधिभित्र दश लाख भन्दा बढि

हाम्रो सूर्य अट्न सक्छ। सृष्टिको बारेमा हामीले सोच्न कसरी आँट गर्ने वा के हाम्रो हिम्मत छ त?

सृष्टिले परमेश्वरको महान प्रताप र असिमित शक्तिलाई प्रकट गर्दछ। उहाँको सृष्टि गर्ने शक्तिले केवल आकाश र पृथ्वीको अस्तित्वलाई ल्याउनुभएन उहाँले शताब्दीयौं देखि उहाँका जनहरूको निम्ति काम गर्नुभएको थियो र गरिरहनुभएको छ। उहाँ त्यही परमेश्वर हुनुहुन्छ जसले यस पृथ्वीको सुरु गर्नुभएको थियो। उहाँ अहिले पनि सक्रियरूपमा उपस्थित हुनुहुन्छ, र यस संसारमा उहाँले आफ्नो जनहरूलाई कहिल्यै पनि छोड्नुहुनेछैन।

**सृष्टिको अपार आकारले परमेश्वरको प्रेमको वास्तविकतालाई कसरी ठूलो बनाउँछ? जगतको सामु हामी अति नगण्य र शुक्ष्म भएतापनि हाम्रै निम्ति येशू मर्नुभयो भन्ने आत्मज्ञानले हामीलाई कस्तो भावना दिन्छ?**

## ३. एकदम नजिक हुनुहुने परमेश्वर

सनातन सृष्टिकर्ता परमेश्वर जसले सूर्य, चन्द्रमा र खरबौं ताराहरूलाई अस्तित्वमा ल्याउनुभयो र आफ्नो अथाह शक्तिले यस पृथ्वी र यहाँ भएको सबै थोकहरू सृष्टि गर्नुभयो त्यही परमेश्वर हामी प्रत्येकप्रति पनि चासो राख्नुहुन्छ। मिश्रीहरूको बन्धनबाट आफ्ना जनहरूलाई उद्धार गर्नुहुने परमेश्वर त्यही हुनुहुन्छ। उहाँले नै तिनीहरूलाई चालिस वर्षको मरुभूमिको यात्रामा अगुवाइ गर्नुभएको थियो। उहाँले आकाशबाट मन्ना वर्षाउनुभएको थियो, उहाँले नै यरिहोका पर्खालहरू भत्काउनुभएको थियो र इस्राएलीहरूको शत्रुहरूलाई परास्त्र गर्नुभएको थियो। आफ्नो असिमित र अपार शक्तिले यस जगतलाई सृष्टि गर्नुहुने परमेश्वरले हामीसँग युद्ध गर्ने दुष्टका फौजहरूलाई परास्त्र गर्न आफ्नो शक्ति बहानुहुन्छ।

**परमेश्वर हाम्रो नजिक कतिको हुनुहुन्छ भनेर देहायका पदहरूले कसरी बताउँछ? हेर्नुहोस्, "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो।" २ कोरिन्थी ५:१७-१८; "१५ जब अदृश्यमा म बनिँदैथिएँ, मेरो रचना तपाईंबाट लुकेको थिएन। अनि जब म पृथ्वीको गहिराइमा रचिँदैथिएँ, १६ तपाईंका आँखाले मेरो नबनिएको शरीरलाई देखे। मेरो निम्ति नियुक्त गरिएको आयु तपाईंको पुस्तकमा लेखिएको थियो। त्यसको**

**एउटै कुरा पनि पूर्ण हुन अघि सब लेखिएका थिए। १७ हे परमेश्वर, मेरो निम्ति तपाईंका विचारहरू कति बहुमूल्य छन्! तिनको सङ्ख्या कति महान् छ! १८ तिनलाई मैले गन्नुपरेमा, ती बालुवाका कणहरूभन्दा बढ़ी हुनेथिए। जब म बिउँझन्छु, तब म तपाईंसँगै हुन्छु।" भजनसंग्रह १३९:१५-१८; "तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न।" प्रेरित १७:२७ र "उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्।" कलस्सी १:१७।**

कतिपय धर्म र धर्मका गुरुहरूले परमेश्वर अपार हुनुहुन्छ र उहाँ सबै सृष्टिभन्दा माथि हुनुहुन्छ भनेर सिकाउँछन्। फेरि तिनीहरूले परमेश्वर सबै सृष्टिमा हुनुहुन्छ भनेर पनि तिनीहरूले सिकाउँछन्। निःसन्देह परमेश्वर यस पृथ्वीको सबै थोकहरूलाई रहस्यमय तरिकाले सम्हालिराख्नुभएको छ र उहाँ एकदम नजिक हुनुहुन्छ भनेर बाइबलको इतिहासले नै बताउँदछ। हो हाम्रो परमेश्वर उच्च र पवित्र स्थानमा रहनुहुन्छ तर उहाँ हाम्रो यति नजिक हुनुहुन्छ कि यशैयामा उल्लेख गरिएको छ, "किनकि सदासर्वदा जीवित हुनुहुने, उच्च र श्रेष्ठ, जसको नाउँ पवित्र हो, उहाँ भन्नुहुन्छ, "म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन र पश्चात्तापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु जो आत्मामा पश्चात्तापी र विनम्र छ।" यशैया ५७:१५। आफ्ना विश्वासी चेलाहरूको बारेमा चर्चा गर्दै भन्नुभएको येशूको चाहना वा लक्षलाई आज पनि प्रत्येक विश्वासीले आत्मसात् गर्न जरुरी छ, "म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्।" यूहन्ना १७:२३। (यहाँ येशूले सही एकताको सुत्रलाई देखाउनुभएको छ)। यो भन्दा नजिक अरू के होला?

परमेश्वरको महानता र अपार शक्तिको महान् सन्देश यो छ कि उहाँ विश्वब्रम्हाण्डमामात्र तैरिनुहुन्न हाम्रो प्रत्येकको हृदयमा पनि तैरिनुहुन्छ। उहाँले हामीलाई नयाँ बनाउन, नयाँ ढाँचामा ढाल्न र आमूल परिवर्तन गर्ने प्रतिज्ञा गर्नुभएको छ ताकि हामी उहाँको स्वरूपमा हुनसकौं। त्यसको अर्थ के हो सोच्नुहोस्। खरबौं नक्षेत्रहरू सृष्टि गर्नुहुने र सम्हाल्नुहुने परमेश्वर त्यही परमेश्वर हुनुहुन्छ" "जसमा उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" प्रेरित १७:२८, तर त्यतिमात्र नभएर उहाँले हाम्रा

हृदयहरूमा काम गर्नुहुन्छ, उहाँले हामीलाई नयाँ हृदयहरू दिनुहुन्छ, हाम्रा पापबाट उहाँले उतार्नुहुन्छ र येशू ख्रीष्टमा नयाँ सृष्टि बनाउनुहुन्छ। महाशक्ति हुनुभएको परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो स्याहा गर्नुहुन्छ भन्ने धारणालाई महसुस गर्नु कस्तो शक्तिशाली सान्त्वनादायक छ, छैन न?

**यस्तो सर्वव्यापी परमेश्वरको बारेमा बुझेर हामीले कसरी आशा र सान्त्वना पाउन सक्छौं? तपाईंको सबै भित्रीका नियत र रहस्यहरू उहाँलाई थाहा छ भन्नुमा के तपाईंहरूलाई डर लाग्छ? यस परिवेशमा सुसमाचारले तपाईंहरूलाई कसरी शान्ति दिन सक्छ?**

## ४. सुसमाचार, इन्साफ, सृष्टि

पहिलो स्वर्गदूतको सन्देश नियालेर हेर्नुहोस्। *अनन्तको सुसमाचार, इन्साफको घडी। सृष्टिकर्ताको आराधना गर।* ती तिनै अवधारणाहरू एक आपससँग कसरी कस्सिएका छन् सो हेर्नुहोस्। जब न्यायको निम्ति हाम्रा सृष्टिकर्ता परमेश्वरको सामु उभिन्छौं तब सुसमाचारलेमात्र हामीलाई कुनै आशा दिलाउँछ। "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन।... हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।" रोमी ८:१,४।

परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने सन्देश वर्तमान समयसापेक्षित सत्यको केन्द्रविन्दु हो। इसाईको खोल नै लगाएर आउने विकासवाद सिद्धान्तले परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने सत इसाई आस्थाको आधारलाई नै ध्वस्त पार्न धम्कि दिइरहेको छ।

यस विकासबाद सिद्धान्तले छोपेको संसारमा परमेश्वरले एउटा चर्च खडा गर्नुभएको थियो। त्यो चर्चको नाउँले नै विकासवाद सिद्धान्तको विरोधमा गवाही भएको छ। त्यस चर्चका विश्‍वासीहरूले परमेश्वर मुक्तिदातामात्र होइन, उहाँ सृष्टिकर्ता पनि हुनुहुन्छ भनेर सत्यको आधारशिलालाई घोषणा गर्दछन।

**प्रभु येशू दुवै सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस्, "सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो।" एफिसी ३:९; "१३ उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ। १४ उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ। १५ उहाँ**

अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, १६ किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। १७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्।" कलस्सी १:१३-१७; "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।" प्रकाश ४:११ र "१७ यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गऱ्यो भनेता झन् बढ़ी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैंको वरदान पाउनेहरूले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन्। १८ यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ। १९ किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन्।" रोमी ५:१७-१९।

येशू सृष्टिकर्तामात्र होइन मुक्तिदाता पनि हुनुहुन्छ भनेर माथिका पदहरूले कसरी कस्सिएर राखेका छन् सोच्नुहोस्। जब उहाँ सृष्टिकर्ता हुनुहुन्छ भन्ने भूमिकालाई लत्याइने बित्तिकै जुन विकासवादले गर्दछ, उहाँ हाम्रो सृष्टिकर्ता हुनुहन्छ भन्ने प्रश्न पनि खडा हुन्छ। येशूले हामीलाई पाप, मृत्यु, दुःखकष्ट र हिंसाबाट उद्धार गर्न आउनुभएको थियो। तर पाप, मृत्यु, दःखकष्ट, हिंसा र आतङ्क सृष्टिकै अभिन्न भाग हुन् भनेर विकासवाद सिद्धान्तले सिकाउँछ। त्यही माध्यमहरू प्रयोग गरेर सृष्टिको स्थापना भएको हो भनेर विकासवादका मतियारहरूले चाहे इसाई नै किन नहुन् सिकाउँछन्। के जुन प्रक्रियाबाट यस संसारलाई परमेश्वरले सृष्टि गर्नुभयो त्यही प्रक्रियाबाट उहाँले हामीलाई उद्धार गर्ने? यो कस्तो खतरनाक झुटो शिक्षा हो!

फेरि अझ झन खराब त के छ भने विकासवाद सिद्धान्तले क्रूसमा येशूको मृत्युको उपहास गर्दछ। किन त? पावलले रोमी ५:१७-१९ मा आदमले ल्याएको पापसँग येशूको मृत्युलाई नछुट्ने गरेर गाँसिएको छ। कुनै पनि विकासवाद सिद्धान्तको ढाँचामा पापरहित आदमले मृत्यु ल्याउन सक्दैन

किनकि आदम सृष्टि गरिन करोडौं वर्षको मृत्युको शक्ति र उर्जाहरूको आवश्यक छ भनेर त्यसले सिकाउँछ।

त्यसकारण सुरुदेखि नै बाइबलले सिकाएको क्रूसको जगलाई विकासवाद सिद्धान्तले ध्वस्त पार्दछ। त्यसको बिपरित, सेभेन्थ-डे एडभेन्टिस्टले सारा संसारलाई सृष्टिकर्ताको आराधना गर भनेर आह्वान गर्दछ। विकासवादको गलत शिक्षाको खिलाफमा सेभेन्थ-डे एडभेन्टिस्ट गवाही भएर उभिरहेको छ।

## ५. सृष्टिकर्ता नै क्रूसमा

हामी जतिसुकै अचम्भित भएर परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर श्रद्धाभक्ति दिएर आराधना गरेतापनि त्यसमा अझ धेरै कुराको ख्याल गर्नुपर्दछ। हामीले हेर्‍यौं र फेरि हेर्न आवश्यक छ कि हाम्रो सृष्टिकर्ता हाम्रो मुक्तिदाता पनि हुनुहुन्छ। जुन परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो त्यही परमेश्वरले हामीलाई मुक्ति पनि दिनुहुन्छ। परमेश्वरले भन्नुभयो, "हामीले हाम्रै स्वरूपमा मानिसको सृष्टि गरौं, हाम्रै स्वभावमा मानिसलाई सृष्टि गरौं।" उत्पत्ति १:२६ रूपान्तरित। फेरि त्यही परमेश्वर जो क्रूसमा चिच्याउनु भयो, "एली, एली, लामा साबाखथानी?" अर्थात्, "हे मेरा परमेश्वर, मेरा परमेश्वर तपाईंले मलाई किन त्यागनुभयो?" मत्ती २७:४६ रूपान्तरित। परमेश्वरको भय वा उहाँप्रति श्रद्धा देखाउनु र अझ उहाँको महिमा गर्नु र आराधना गर्नु पर्ने कारण येशूको वेदनाले कसरी देखाउँछ, देखाउँदैन र?

हामी पतित मानिसले सृष्टिकर्ता परमेश्वरनै क्रूसमा आर्तनाद गरेको अचम्मको सत्यलाई कसरी बुझ्न सक्छौं र? त्यसको जवाफ हामीले कसरी दिने? तर, पहिलो स्वर्गदूतको सन्देले त्यसको जवाफ कसरी दिने भनेर हामीलाई सिकाएको छः "तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" प्रकाश १४:७।

**क्रूसमा झुण्डिनुभएको येशूको बारेमा यूहन्नाले प्रस्तुत गरेका यूहन्ना १९:१६२०मा पढ्नुहोस्। जब तपाईंले त्यस विवरण पढ्नुहुन्छ तब येशू सृष्टिकर्ता हुनुहुन्छ भन्ने यो धारणालाई पनि दिमागमा राख्नुहोस्, "किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू,**

सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। १७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्। कलस्सी १:१६-१७। हेर्नुहोस् क्रूसमा येशूको विवरण यूहन्ना १९:१६-३०मा " १६ तब पिलातसले उहाँलाई क्रूसमा टाँग्न तिनीहरूका हातमा सुम्पिदिए। यसकारण सिपाहीहरूले येशूलाई जिम्मा लिए। १७ उहाँ आफ्नो क्रूस आफै बोकेर खप्परे भनिने ठाउँमा जानुभयो, जसलाई हिब्रूमा गलगथा भनिन्छ। १८ त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे र उहाँसँग अरू दुई जनालाई टाँगे, एक जनालाई एकापट्टि र अर्कालाई अर्कोपट्टि, अनि माझमा येशूलाई। १९ पिलातसले एउटा दोष-पत्र पनि लेखे, अनि क्रूसमाथि टाँसिदिए। त्यसमा यही लेखिएको थियो, "नासरतको येशू, यहूदीहरूको राजा। "२० अब धेरै यहूदीहरूले यो दोष-पत्र पढ़े, किनभने येशू क्रूसमा टाँगिनुभएको ठाउँ सहरको नजिकै थियो। यो हिब्रू, ल्याटिन र ग्रीक भाषामा लेखिएको थियो। २१ यहूदीहरूका मुख्य पूजाहारीहरूले पिलातसलाई भने, "'यहूदीहरूका राजा भन्ने होइन, तर 'यसले म यहूदीहरूका राजा हुँ भन्यो÷ भनी लेख्नुहोस्।" २२ पिलातसले जवाफ दिए, "मैले जे लेखें, लेखें।" २३ जब सिपाहीहरूले येशूलाई क्रूसमा टाँगे, तब तिनीहरूले उहाँका वस्त्र लिएर प्रत्येक सिपाहीलाई एक-एक भाग हुने गरी चार भाग गरे। उहाँको बाहिरी वस्त्र पनि लिए, तर त्यो वस्त्रचाहिँ सिउनी नभएको माथिदेखि तलसम्मै बुनेको सग्लो थियो। २४ यसकारण तिनीहरूले आपसमा भने, "योचाहिँ नच्यातौं, तर यो कसको हुने हो भनी चिट्ठा हालौं।" धर्मशास्त्र पूरा होस् भनेर नै यो भएको थियोः "तिनीहरूले मेरो वस्त्र आफू-आफूमा बाँड़े, र बाहिरी वस्त्रमा चाहिँ चिट्ठा हाले।" २५ यसकारण सिपाहीहरूले यो काम गरे। अनि येशूको क्रूसको नजिक उहाँकी आमा, उहाँकी आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए। २६ जब येशूले आफ्नी आमालाई र उहाँले माया गर्नुहुने चेला नजिकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, "नारी, हेर्नुहोस्, तपाईंको छोरो!" २७ तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, "हेर, तिम्री आमा!" त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे। २८ यसपछि येशूले सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, "मलाई तिर्खा लाग्यो।" २९ त्यहाँ सिर्काले भरिएको एउटा भाँड़ो राखिएको थियो। यसकारण सिर्काले भरिएको स्पञ्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरूले उहाँको मुखमा पुऱ्याइदिए। ३० जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, "अब सिद्धियो," र उहाँले शिर निहुराएर आफ्नो आत्मा

**त्यागिदिनुभयो।" यहाँ व्यक्त गरिएको परमेश्वरको अचम्मको प्रेमलाई हामीले कसरी जवाफ दिने?**

सृष्टिकर्ताको आराधना गर्ने पहिलो स्वर्गदूतको सन्देश क्रूसपछि आएको थियो। सारा जगत र उहाँका चेलाहरू येशूको मृत्युको प्रत्यक्षदर्शी थिए। त्यही परमेश्वर जो "स्वर्ग र पृथ्वी, समुद्र र पानीका मुहानहरू सृष्टि गर्नुहुने" त्यही परमेश्वर हुनुहुन्छ जो परमेश्वर भएतापनि " ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।" फिलिप्पी २:७-८।

येशू यस संसारमा मानव रूप धारण गर्नुभन्दा अघि थाहा पाउने स्वर्गदूत र सारा विश्वब्रम्हाण्डको निम्ति क्रूसको दृश्यलाई कसरी अचम्भित मानेर हेरिरहेका होलान्? त्यसैकारण स्वर्गका जीवहरूले उहाँको आराधना गर्दा हामी अचम्म मान्नुहुन्न। उहाँको रगतले हामीलाई मुक्ति पाएकाहरूले उहाँ सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर उहाँको चरणमा परेर प्रणाम भन्नु बाहेक अरू के छ?

**मुक्ति पाउन हामी पतित मानव जातले ख्रीष्टले क्रूसमा के गर्नुभयो त्यसमा हाम्रो धर्मकर्मले पनि थप्नुपर्छ भन्ने भावना धर्मभ्रष्टको भावना किन हुन्छ? सृष्टिकर्ता परमेश्वरले नै हाम्रो लागि जुन सबै थोक गर्नुभयो त्यसमा हामीले थप्न सक्नुपर्ने कुरो के छ त?**

**उपसंहार:**

**थप जानकारी:** पवित्र धर्मशास्त्र बाइबलको मूख्य केन्द्रविन्दु नै सृष्टिकर्ता परमेश्वरको आराधना गर्नु हो। तर मानव प्राणीहरूमा परमेश्वरको जनहरू समेतले सृष्टिकर्ता परमेश्वरको अतुलनीयरूपमा आराधना गर्ने विषयमा जहिले पनि र जहाँ पनि कचकच भइरहेको पाइन्छ। पुरानो करारभरी भविष्यवक्ताहरूले परमेश्वरका जनहरूले उहाँलाई बाहेक अरू देवीदेवताहरूलाई भगवान भनेर पूजा गर्दा हप्की खानुपरेको थियो। तिनीहरूले सृष्टिकर्ता परमेश्वरको बारेमा अनेकौँ तवरले ज्ञान पाएतापनि मूर्तिपूजा गर्ने मानिसहरूको धर्मपछि लागेर तिनीहरूकै मूर्ति पूजा गरेका थिए। परमेश्वरको आराधना गर्ने कि अरू मूर्तिहरूलाई पूजा गर्ने विषय नै परमेश्वर र सैतानको बीचमा भइरहेको द्वन्द्वको केन्द्रविन्दु हो। जब परमेश्वरबाहेक आफूहरूले नै आविश्कार गरेको, बनाएको मूर्तिहरू र सैतानको आवाजलाई मान्दा परमेश्वरको व्यवस्थाको सरासर वेवास्ता गरेको ठहरिएको हुन्छ। परमेश्वरको निम्ति यो अत्यन्तै निन्दनीय काम हो।

"मानव प्राणीको अस्तित्वको आधारभुत पक्ष नै आराधना हो। जब जीवित मानव प्राणी सृष्टिकर्ताको सामु पर्छ उसको स्वभावनै परमेश्वरको सामु प्रणाम गर्नु हो। केवल जीवित मानिसहरूले मात्र परमेश्वरको आराधना गर्न सकिन्छ; मरेको वा मरिसकेको मानव जातिले परमेश्वरको आराधना गर्न सक्दैन न त प्रशंसा नै गर्न सक्छ। हामीलाई सृष्टि गर्नुहुने परमेश्वरले उहाँलाई आराधना गर्न हाम्रो जीवन सुम्पन आह्वान गर्नुहुन्छ। जब हामी उहाँको आराधना गर्छौं तब उहाँले हामीलाई बढो मायाले ग्रहण गर्नुहुन्छ र अरूहरूको हितको निम्ति उहाँले हामीलाई प्रयोग गर्नुहुन्छ। हाम्रो अस्तित्वको स्वभाव र लक्ष्य नै परमेश्वरको आराधना गर्नु हो। हामीभन्दा बाहिर परमेश्वरलाई केन्द्रविन्दु बनाउँदा हामीलाई स्वार्थी हुनुबाट स्वतन्त्र पार्दछ। परमेश्वरको आराधना नगर्दा हाम्रो अस्तित्वको कारण नै विलय हुन्छ। यदि जीवनको स्रोतसँगको सम्पर्क बिहिन हुन चाहन्छौं भने हामी पूरै नाश हुने बाटोमा लाग्ने हुन्छौं; हामी जीवनको अस्तित्वको लक्ष्यप्रति नै बिचलित हुन्छौं त्यसको फलस्वरूप मानव जगत सरासर आत्महत्यामा गइरहेको प्रमाणित गर्दछ।"-आन्जल म्यान्युल रोड्रिगे, *"द क्लोजिङ्ग अभ द कस्मिक कन्फ्लिक्ट: रोल अभ द थ्री आन्जलस् मेसेजेज,"* अप्रकाशित लेख, *पृ. ४२।*

**चिन्तनमनन:**

अ. यस पतित संसार अब परमेश्वरले सृष्टि गर्नुभयो भन्नुमामात्र पर्याप्त किन छैन? हामीलाई अब मुक्ति पनि किन चाहिन्छ?

आ. तपाईंको जीवनमा त्यस्तो अनुभव केही छ जसमा परमेश्वरको शक्तिले अचम्म किसिमले काम गरेको थियो; त्यसले गर्दा परमेश्वरको प्रेम तपाईंलाई व्यक्तिगतरूपमै देखाउनुभएको थियो? सारा विश्वब्रम्हाण्ड सृष्टि गर्नुहुने परमेश्वरले तपाईंमाथि व्यक्तिगत चासो राखेको किन होला? सोच्नहोस्। यही परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंको जीवनको उच्चतम हितको निम्ति चासो देखाउनुहुन्छ। यो वास्तविकताले हामीलाई सान्त्वनामात्र दिँदैने यसले हामीलाई झुकाउँछ पनि किन?

इ. यदि कतिपय धर्म, दर्शन र इसाईहरूले नै स्वीकार गरेको वा प्रतिवाद नगरेको विकासवाद सिद्धान्त सत्य छ भने परमेश्वरको आराधना गर्ने औचित्य के छ र? बिकासवाद सिद्धान्त अनुसार सृष्टिकर्ताले खरबौं वर्षसम्मको मृत्यु, हिंसा, बिनाश, दु:खकष्ट र फेरि आम सखाप पार्नुभयो र फेरि सृष्टि गर्नुभयो रे! तर उत्पत्तिको पुस्तकले हाम्रो सृष्टि विकासवादको सिद्धान्तको ठिक बिपरित छ। यदि विकासवाद सिद्धान्तको प्रतिवाद हामीले गरेनौं र मान्यौं भने परमेश्वरको आराधना किन गर्ने? कठित वैज्ञानिक, दार्शनिक र कतिपय धार्मिकले मानेको विकासवाद सिद्धान्त सत्य हो भने बाइबलको परमेश्वरको आराधना गर्न केको खाँचो?

### कथा ७

## भाग्ने सुर

## जर्जियो, इटाली



धेरै वर्ष पहिले युरोपको रोमेनिया भन्ने देशमा क्रुर कम्युनिस्ट शासन चलेको थियो। त्यस देशमा जनताहरूमाथि दमन नीति चलाएको थियो। जर्जियो कम्युनिस्ट रोमेनियाबाट भाग्न योजना बनाएका थिए। उनको योजन सफल हुन्छ भन्ने उनलाई लागेको थियो। उनले धेरै मानिसहरू रोमेनियाको राजधानी बुखारेस्टमा फ्रान्सको राधधानी पारिसमा जान रेल चढेको देखेका थिए। फ्रान्स खुला देश थियो। तर जर्जियो तिनीहरूसँग जाने कुनै अवसर पनि थिएन। तर जब उनले त्यो रेल हेर्दै गर्दा भित्र रेलको छानामुनि एउटा खाली ठाउँ देखे। युवकलाई लुक्न त्यो ठाउँ ठिक थियो। टिकट बिना उनी रेल चढ्न सक्दैनथे। जब रेल गुड्न थाल्यो जर्जियो लुकीलुकी रेलको लिगबाट गएर रेलको खाली ठाउँमा चढे। रोमेनियाबाट भाग्नु अपराध थियो। यदि उनलाई समातियो भने उनलाई झ्यालखानामा राखिन्थ्यो। यो सन १९८२ को घट्ना हो। उनी २० वर्षको थियो र उनले नयाँ जीवनको लागि चाहना गरेका थिए।

आफू भाग्ने योजनामा पहिलो भएको उनले सोचेका थिए। अरूहरू पनि भाग्न प्रयास गरेका थिए। तब पुलिसले उनलाई देखेर पत्रयो र दुई हप्तासम्म सोधपुछ गर्न उसलाई थुनियो। अधिकारीहरूले उनी कम्युनिस्टको बिरोधी हो कि र केही गोप्य कुरा उनले लान खोजेको हो कि भनेर सोधे। अनि उनलाई झ्यालखानामा राखियो र उनको बिरुद्धमा मुद्धा लगाइयो। जर्जियो नास्तिक थिए र परमेश्वरलाई विश्वास गर्दैनथे। कम्युनिस्ट शासनका नीतिहरू मन मननपराएतापनि इसाई हुनुभन्दा नास्तिकनै हुनु असल भएको उनले ठानेका थिए। केवल पागल, मूर्ख मानिसहरूलेमात्र परमेश्वरलाई विश्वास गर्छन् भन्ने उनले ठानेका थिए। झ्यालखानामा एक जना सेभेन्थ-डे एडभेन्टिस्ट युवक उनले भेटे। एडभेन्टिस्टको उनको यो भेटघाट पहिलो थियो। त्यो व्यक्ति पनि जर्जियो जस्तै युवक नै थियो। उक्त युवक सेनामा भर्ती गरिएको थियो तर साबथमा काम गर्न अस्वीकार गरेकोले उनलाई झ्यालखानामा राखिएको थियो। अरू बन्दीहरूभन्दा उक्त युवक फरक भएको

जर्जियोले देखे। उसको अनुहार फरक थियो। उक्त  युवक असल देखिन्थ्यो। ती दुई जना एक आपसमा कुरा गर्न थाले। परमेश्वरमाथि आस्था राख्नु मूर्खता होइन रहेछ भनेर जर्जियोले थाहा पाएर छक्क परेको थियो। रोमेनियामा बाइबललाई जलाएको थियो। बाइबलको बारेमा त्यस एडभेन्टिस्ट युवकले जर्जियोलाई बतायो। बाइबलको बारेमा अझ बढि थाहा पाउन उनले चाहेको थियो।आफू छुटेपछि बाइबल भेट्टाउने उनले निर्णय गरे। त्यो निर्णय गरेको लगत्तै उनलाई अझ कठोर कारावासको सजायँ सुनाउन उनलाई अड्डामा लगियो। अरूहरू देशबाट भाग्न प्रयास नगरुन् भनेर कठोर कारावास दिन्थ्यो। जर्जियो दुई महिना झ्यालखानामा परिसकेको थियो। त्यसबेला न्यायधिसले अचम्मको निर्णय सुनाइन्, "तिमी तुरन्तै स्वतन्त्र हुनेछौ।" तर सरकारी वकिलले त्यसको विरोध गरेर भन्यो, "तर उसले त देशको बिरुद्धमा अपराध गरेको छ।" तर न्यायधिसले वास्ता गरेन। पुलिसतिर फर्केर उनले सोधिन्, "यस युवकलाई कहिले छोड्न सक्छौ?" पुलिस अफिसरले भने, "उसलाई भोली नै छोडिनेछ।"

जब पुलिस अफिसरले जर्जलाई झ्यालखानमा लग्दै थिए तब उनी छक्क परेर सोधे, "तिमीले कुनै ठूलो मानिसलाई चिनेको हुनुपर्दछ।" आफूले कोही महत्त्वपूर्ण व्यक्ति नचिनेको भन्नै लागेका थिए। तर स्वर्गको परमेश्वरले उनलाई सहयोग गरिरहेको महसुस गरे। जर्जियोलई भनेको समयमा छोडेन। छैठौं दिनमा उनलाई एडभेन्टिस्ट साथीले सोध्यो, "के न्यायधिसले तपाईंलाई तुरन्तै छोडिनेछ भनेकी थिइन् त?"

त्यसबेला, आफू छुटेपछि बाइबल पढ्ने निर्णय गरेको उनले सम्झे। अब झ्यालखानामा पनि एडभेन्टिस्ट साथीको सहायताले बाइबल पढ्ने निर्णय उनले गरे। जब आफ्नो साथीलाई यो सुनाउँदै थिए तब पुलिसले आएर भन्यो, "तिमी भोलीदेखि काम गर्नुपर्दैन। तर तिमी झ्यालखानाको कोठामा नै बसिरहनेछौ, किनभने तिमीलाई मुक्त गरिनेछ।

## अनि त्यहीं भयो

जर्जियाले परमेश्वरसँग गरेको प्रतिज्ञा कायम राखे। झ्यालखानाबाट छुटेपछि उनी एडभेन्टिस्ट चर्चमा गए र प्रत्येक साबथ आराधना गर्न थाले। उनको जीवन परिवर्तन भयो। रोमेनियाबाट भाग्न उनले चाहना गरेन। आफ्नो

देशबाट भागेर स्वतन्त्र पाउनुभन्दा येशूले दिनुभएको स्वतन्त्रता उनलाई उत्तम लागेको थियो। उनी खुशी थिए।

आज, जर्जियो इटालीमा रहन्छ र रोमको रोमेनियन एडभेन्टिस्ट चर्चको सक्रिय विश्वासी सदस्य भएका छन्। उनी र उनकी श्रीमतीका ती हुर्केका छोराछोरीहरू छन् र तिनीहरूको आठ जना नाती नातीनाहरू छन्। जब कम्युनिस्ट शासन ढल्यो तब उनी रोमेनिया छोडेका थिए।

आजसम्म पनि जर्जियोलाई न्यायधिसले किन स्वतन्त्र गर्ने निर्णय सुनाइन् त्यो उनले भन्न सकेको छैन। उनलाई थाहा थियो कि परमेश्वरले हस्तक्षेप गर्नुभएको थियो।

कैदमा भएको एडभेन्टिस्ट युवकसँग जर्जियोले सम्पर्क गर्दै रहे। आज त्यो व्यक्ति भवन निर्माण गर्ने कम्पनीको मालिक भएको छ। साबथमा काम गर्न अस्वीकार गरेकोले उनी दुई वर्ष कैदमा बस्नु परेको थियो। उनलाई राष्ट्रपतिको आममाफीको आदेशले कैदबाट छुटाएको थियो। उनी जर्जियो छुटेको दुई महिनापछि छुटेको थियो। उनी केवल एक वर्षमात्र झ्यालखानामा रहेको थियो।

"यी अनुभवका कथाहरूलाई सुनाउन म मानिसहरूलाई घरमा बोलाउँछु। मानिसहरूका अनुहार पछाडि के छ, त्यो कसैलाई थाहा हुँदैन," हँसिलो पाराले यस लेखकलाई उनले सुनाए।

***-आन्ड्र्यु मेकचेस्ने***